स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नयाँ छिमलका 'स्टार' अभिनेता प्रदीप खड्का जुन फिल्ममा जोडिन्छन्, त्यस फिल्मकी अभिनेत्रीसँग अक्सर उनको नाम जोडिन्छ । रिल र रियल दुवैमा राम्रो 'बोन्डिङ' देखिँदा यसखालको चर्चा हुने गरेको पाइन्छ । यस्तै 'बोन्डिङ' अहिले प्रदीपको अभिनेत्री परीक्षा लिम्बुसँग देखिएको छ । प्रदीप र परीक्षाले फिल्म 'पूजार सार्की'मा एकसाथ काम गर्दैछन् । यतिबेला दुवै वर्कसपमा व्यस्त छन् । फिल्ममा उनीहरु जोडीको रुपमा देखिन लागेकाले रियल लाइफमा दुवैबीच राम्रो 'बोन्डिङ' हुन आवश्यक छ ।

आजको विचार...



चन्द्र गिरी

किन..
(दुई पेजमा)



प्रदीप खड्काको आगामी फिल्म 'एक्टर'को शीर्ष नायिकामा आना शर्मा अनुबन्धित भएकी छन् । आनासँग केही दिनअघि लिखित सम्झौता भएको निर्माता थमन भण्डारीले जनाए । अमेरिकामा रहेका अभिनेता राजबल्लभ कोइरालासँग लिखित सहमति हुन बाँकी रहेको भण्डारीले बताए । वैशाख पहिलो सातादेखि छायांकन सुरु हुने फिल्मलाई आगामी तिहारमा प्रदर्शनको तयारी छ । फिल्ममा राजेश हमालले केमियो रोल गर्ने पक्का भएको छ । फिल्ममा दुई अभिनेत्री हुने र त्यसमध्ये एक जना आना हुने जनाइएको छ ।

❑ वर्ष २९ ❑ अंक १६४ ❑ २०८० पुस २६ गते बिहीबार 11 January 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## मिसन अस्पतालको २४ औं वार्षिक साधारण सभा

# 'सम्झौता कार्यान्वयन भए स्वास्थ्य बिमा लागु गर्छौं'

**रामचन्द्र रायमाझी**——

**पाल्पा,** पुस २५/युनाइटेड मिसन टु नेपाल मेडिकल एण्ड डेभलपमेन्ट ट्रष्टका अस्पताल सेवा निर्देशक युवराज आचार्यले बिमा बोर्डसँग गरेका सम्झौता कार्यान्वयन भए स्वास्थ्य बिमा कार्यक्रम लागु गर्न अस्पताल तयार रहेको बताएका छन् । बुधबार युनाइटेड मिसन अस्पताल तानसेनको २४ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै निर्देशक आचार्यले अस्पतालसँग भएका सम्झौता कार्यान्वयन गरे आफुहरु बिमा सञ्चालन गर्न इच्छुक रहेको बताएका हुन् ।

युनाइटेड मिसन टु नेपाल मेडिकल एण्ड डेभलपमेन्ट ट्रष्टद्वारा सञ्चालित मिसन अस्पतालले दिर्दै आएको स्वास्थ्य बिमा सेवा बन्द भए पछि धेरै नागरिकहरु स्वास्थ्य सेवाबाट बञ्चित रहेको व्यापक गुनासो आए पनि सम्झौता अनुसार काम नहुँदा अस्पताल समस्यामा परेपछि सेवा बन्द गर्नु परेको बताउँदै उनले आफुहरुसँग गरेको सम्झौता कार्यान्वयन भए पुन: सञ्चालन गर्ने धारणा व्यक्त गरे । निर्देशक आचार्यले भने 'हामी बिमा बन्द गर्ने पक्षमा छैनौं, तर सम्झौता अनुसार





भुक्तानी नभएपछि अस्पताल चलाउनै धौं धौं भएपछि बन्द गरेका हौं, सम्झौता कार्यान्वयन भए हामी छिट्टै लागु गर्ने सोंचमा छौं ।'

बिमा सरकारको प्राथमिकतामा परेको विषय भएको उनले बताए । निर्देशक आचार्यले 'बिमाले स्वास्थ सेवालाई सुनिश्चित गर्दछ, तर यसको व्यवस्थापन फितलो हुँदा कहि कतै समस्या आएको हो ।' सरकारले रेटमा संसोधन गरेमा बिमा सञ्चालन गर्ने पक्षमा अस्पताल रहेको उनले दोहोर्‍याए । स्वास्थ्य बीमा बोर्डले नियमित तथा समयमै भुक्तानी नदिएको, विना कारण दाविहरु अस्विकृत गर्ने गरेको, बोर्डको दररेट अस्पतालको दररेट भन्दा धेरै कम हुँदा अस्पताल सञ्चालनमा समस्या आएको भन्दै अस्पतालले गत साउन २१ गतेदेखि बिमा उपचारको सेवा स्थगित गरेको थियो । यहाँ सेवा बन्द भएपछि अस्पताललाई लागु गर्न जिल्लाका सरोकारवालाहरुले समेत आग्रह गर्दै आएका छन् । साधारण सभाका अवसरमा समेत सरोकारवालाहरुले स्वास्थ्य बिमा लागु गर्ने विषयमा चासो देखाएपछि ट्रष्टका अस्पताल सेवा निर्देशक आचार्यले अस्पतालको तर्फबाट धारणा राख्दै सो कुरा बताएका हुन् । उनले अस्पताल जर्नल अस्पताल रहे पनि विशेषज्ञ सेवा दिर्दै आएको बताए । आचार्यले पञ्चवर्षे योजना बनाएर आफुहरु अगाडि बढेको बताउँदै आगामी दिनमा थप विशिष्टकृत सेवा थप्दै जाने समेत बताए । उनले भने '५ वर्षे योजाना बनाएका छौं, त्यसमा गुणस्तरीय सेवा सहित ३ सय बेडको अस्पताल बनाउने योजना रहेको छ ।' निकट भविष्यमै सिटिस्क्यानको व्यवस्था गर्ने र अन्य विशेषज्ञ सेवाका विषयमा समेत छलफल भइरहेको आचार्यको भनाई छ । उनले विरामीको उपचारसँगसँगै गुणस्तरीय मेडिकल एजुकेसन ल्याउने योजनामा समेत अस्पताल रहेको बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद खेम सारुले स्वास्थ्य क्षेत्रमा अस्पतालले महत्वपूर्ण भूमिका खेलेको बताए । उनले बाँकी भुक्तानी दिने विषयमा बिमा बोर्ड सकरात्मक रहेको उल्लेख गर्दै स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न अस्पतालाई आग्रह गरे । उनले कार्यक्रम लागु गर्नका लागि प्रदेश सभामा समेत पटक पटक कुरा उठाएको पनि बताए । सांसद सारुले उपाचारसँगै सर्ने नसर्ने रोगका बारेमा सचेतनाका कार्यक्रम गर्न समेत अस्पतालाई आग्रह गरे । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा.राजेन्द्र गिरी, तानसेन नगरपालिका-१ का वडा अध्यक्ष सुनिल बस्याल, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की, पत्रकार महासंघ पाल्पाका सचिव यज्ञमूर्ति तिमिल्सीना लगायतले स्वास्थ्य क्षेत्रमा अस्पतालले पुर्‍याएको योगदान महत्वपूर्ण रहेको स्मरण गर्दै विगतको इतिहास र गरिमालाई कायम राख्ने गरी काम गर्न अस्पताललाई सुझाव दिए ।

कार्यक्रममा मिसन अस्पतालकी निर्देशक रचेल कारखले अस्पतालको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै १ सय ६९ बेड रहेको अस्पतालबाट आर्थिक वर्ष २०७९/०८० मा १ लाख छ हजार ९ सय २ जना विरामीलाई सेवा दिएको बताइन् । उनले अस्पालबाट गरिब, विपन्नहरुका लागि १ करोड १६ लाख ४५ हजार बराबरको नि:शुल्क उपचार गरेको समेत जानकारी दिइन् । गत वर्ष २ हजार ३ सय ७३ जना सुत्केरीले अस्पतालबाट सेवा लिएको निर्देशक कारखको भनाई छ । उनले फोहोर ब्यवस्थापनमा समस्या रहेकाले त्यसको समाधानमा सबैको सहयोग आवश्यक रहेको समेत धारणा व्यक्त गरिन् । अस्पतालका प्रमुख प्रशासकिय अधिकृत जीवन भट्टराईले अस्पतालको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै बिमा बोर्डबाट अझै पनि सात करोड भुक्तानी लिन बाँकी रहेको बताए । उनले आर्थिक वर्ष २०७९/०८० को ५६ करोड १७ लाख ३३ हजार ५ बराबरको आयव्यय प्रस्तुत गरेका थिए ।

ट्रष्टमार्फत तानसेनको मिसन अस्पताल र ओखलढुंगा गरी दुई वटा अस्पताल सञ्चालनमा रहेका छन् । २०११ सालमा स्थापना भएको तानसेनको मिसन अस्पतालले ६९ वर्ष पुरा गरेको छ । कार्यक्रममा अस्पतालको सामाजिक स्वास्थ्य विभागकी धनमाया थापाले धार्मिक प्राधना गरेकी थिइन् । अस्पतालका सल्लाहकार सदस्य तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालको अध्यक्षता, गणेश घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### सक्षिप्त समाचार

## जिप दुर्घटनामा दुईको मृत्यु



**दमौली,** पुस २५/तनहुँको भिमाद नगरपालिका-५ र ३ को सिमाना सुनाकोटमा बुधबार भएको जिप दुर्घटनामा २ जनाको मृत्यु भएको छ । पोखराबाट पाल्पाको रामपुर जाँदै गरेको ग १ ज ६३५६ नंको जिप दुर्घटना हुँदा त्यसमा सवार दुई जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार नवलपुरको बौदीकाली गाउँपालिका-२ का ४२ वर्षीय रुमबहादुर विक र डेढगाउँका ५५ वर्षीय जेमलाल दरैको मृत्यु भएको हो । सडकबाट अन्दाजी एक सय ५० मिटर तल खसेको जिपमा सवार दुवै जनालाई घाइते अवस्थामा उपचारका लागि जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र पठाइएकामा चिकित्सकले मृत घोषणा गरेका थिए । दुर्घटनामा दशजना घाइते भएका छन् । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ । *-रासस*

## सन्दीप लामिछानेलाई ८ वर्ष जेल सजाय




**पाल्पा,** पुस २५/बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई ८ वर्ष सजाय तोकिएको छ । जिल्ला अदालत काठमाडौंले लामिछानेलाई ८ वर्षको कैद सजाय सुनाएको हो ।

जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको इजालासले बुधबार लामिछानेको सजाय निर्धारण गरेको छ । लामिछानेलाई ८ वर्ष जेल सजाय र ५ लाख रुपैयाँ जरिवाना गर्ने फैसला भएको हो । लामिछानेले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (ङ) बमोजिम कसुर गरेको पुष्टि हुन आएकाले ८ वर्ष जेल र ५ लाख रुपैयाँ जरिवाना तोकिएको जनाइएको छ । यसअघि पुस १३ गते अदालतले उनलाई जबरजस्ती करणीमा दोषी ठहर गरेको थियो ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश ढकालको इजालासले उनलाई जबरजस्ती करणी मुद्दामा दोषी ठहर गरेको थियो । सन्दीपले पीडितको कमजोर आर्थिक अवस्थाको फाइदा उठाएर बलात्कार गरेको जिल्ला अदालतले ठहर गरेको छ ।

## पानी परीक्षण प्रयोगशाला स्थापना

**रामपुर (पाल्पा),** पुस २५/स्थानीयलाई घर-घरमा शुद्ध पानी पुर्‍याउन पानी परीक्षण प्रयोगशालाको व्यवस्था गरिएको छ । पाल्पाको बगनासकाली गाउँपालिकाभित्र सफा, स्वच्छ खानेपानी उपभोग गर्न पानीका मूल, स्थानीयले प्रयोग गर्दै आइरहेका मुहानको पानी परीक्षण गर्न प्रयोगशाला स्थापना गरिएको हो ।



यहाँका विभिन्न मूल, मुहानमा रहेका पानीलाई खानयोग्य छ कि छैन प्रयोगशालामा परीक्षण गर्ने र उपचार विधि गर्नुपर्ने पानीलाई उपचार गरी सबैलाई शुद्ध पानी उपभोग गराउने गाउँपालिकाका अध्यक्ष सरस्वती चिदीले बताइन् । खानेपानी तथा ढल व्यवस्थापन विभागको प्राविधिक र आर्थिक सहयोगमा प्रयोगशाला स्थापना गरिएको पालिकाले जनाएको छ । प्रयोगशाला नहुँदा पिउने पानीको स्वच्छता मापन गर्न बाहिर पठाउनुपर्ने बाध्यता थियो । अब भने पालिकाभित्र नै प्रयोगशाला स्थापना भएपछि पानीको शुद्धताका लागि सहज हुने भएको छ । पालिकाको यो पहिलो पानी परीक्षण प्रयोगशाला हो । पानीका मुहान र मूल प्रशस्त रहे पनि सबै खानका लागि योग्य नहुने हुँदा परीक्षण गर्ने विधि भएपछि पानी शुद्ध छ या छैन सबै जानकारी लिन सजिलो हुने स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारी बताउँछन् । यहाँ रहेका मूल, मुहानका पानी नियमित रुपमा परीक्षण गरेर उपभोग गरिने उनले बताए । पानी परीक्षण नियमित नहुँदा सफा, शुद्ध, स्वच्छ छ या छैनभन्दा पनि दैनिक आवश्यकता परिपूर्तिका लागि पानी उपभोग गर्न स्थानीय बाध्य थिए । पानीका कारण विभिन्न रोग लाग्ने हुँदा सबैभन्दा पहिला खानेपानी उपभोगमा ध्यान दिनुपर्ने उनी बताउँछन् । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## रुघाखोकी भनेर बेवास्ता नगरौं

**मौसम चिसो भएसँगै रुघाखोकी विरामीहरु समेत बढ्ने गरेका छन् । चिसो मौसमको आगमनसँगै स्वास्थ्य संस्थाहरूमा रुघाखोकी र ज्वरोका बिरामीको संख्या बढेको छ । श्वासप्रश्वास प्रणालीको माथिल्लो भागको भाइरल संक्रमणलाई आम रूपमा रुघाखोकी भन्ने गरिन्छ । सयौं खालका भाइरसका कारण हुनसक्ने रुघाखोकी आफैं निको हुने वा संक्रामक हुन्छ । चिसो मौसममा बढ्ता देखिने रुघाखोकी प्रत्येक पटक नयाँ खालका भाइरसका कारण हुन्छ । प्रतिरोधात्मक क्षमताको अभावमा पटक–पटक लाग्छ । किशोर र वयस्कलाई भन्दा बालबालिका र वृद्धवृद्धालाई धेरैचोटि रुघाखोकी लाग्नुको कारण प्रतिरोधात्मक क्षमताको कमी नै हो । रुघाखोकीमात्रै होइन रुघाखोकीसँगै एलर्जी पनि हुन्छ । शरीरले एक्कासी चिसो सहन सक्दैन, जसले गर्दा जाडो समयमा भाइरसको किटाणु अलि बढी लाग्ने गर्छ । जाडोमा शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई भाइरलले अलि चाडो आक्रमण गर्छ । रुघाखोकीलाई सामन्य रुपमा लिने गरिन्छ तर यसको उपचारमा ध्यान दिएन भने ठूलो समस्या निम्त्याउने कुरालाई भने नकार्न सकिदैन ।**

**रुघाले नाकलाई मात्रै अप्ठ्यारो पारेको हुँदैन् यसले कानमा पनि समस्या पार्छ । कानको सुन्ने शक्तिमा समेत अप्ठ्यारो पार्न सक्छ । रुघाखोकी लाग्दा ज्वरो आउने, खानेकुरा निल्न गाह्रो हुने अनि ज्यान करकर खाने हुन्छ । बिरामी गम्भीर वा निमोनियाँ भएपछि मात्र अस्पताल पुग्ने गर्दछन्रु। यसो गर्नु राम्रो होइन । मानिसले अन्य रोग भन्दा रुघाखोकीलाई सामान्य रुपमा लिने गर्दछन् । सामान्यतया बूढाबूढी, केटाकेटी, दम, श्वासप्रश्वास समस्या भएका, मधुमेह, मुटु, कलेजो र स्नायु रोग लागेका, अंग प्रत्यारोपण गराएकालाई यस्तो संक्रमण हुने बढी खतरा हुन्छ । त्यसैले जोखिममा रहेका समूहहरू बढी सचेत रहन आवश्यक छ । युवालाई उस्तो नसताए पनि संक्रमण सार्न उनीहरूको पनि भूमिका हुन्छ । अन्य रोग जस्तै रुघाखोकीलाई पनि कम आँक्नु हुँदैन । संक्रमणले छोएको थाहा हुनासाथ डाक्टरको परामर्श लिनुपर्छ । भने अनुसारको उपचार गर्नुपर्छ । रुघाखोकीलाई बेवास्ता गर्नु हुँदैन । बेलैमा उपचार नथाले जटिलता थपिन सक्छ । समयमै औषधि उपचार गरे सहजै निको हुन्छ । सामान्य रुघाखोकी भाइरसको कारण हुने हुनाले यसको लागि ब्याक्टेरिया विरुद्ध दिइने एन्टिबायोटिक्स् (प्रतिजैविक) औषधि चाहिदैन । तर रुघाखोकीका कारण सास फेर्न गाह्रो हुँदै जाने, तारन्तार बान्ता हुने, छाती दुख्ने, पाकेको खकार आउने, छटपटी हुने जस्ता समस्याहरु पनि देखिन सक्छन् । त्यस्तो अवस्थामा रुघाखोकीलाई सामन्य रुपमा लिइनु हुँदैन । त्यस्तो समस्या देखिएमा तुरुन्त चिकित्सकको सल्लाह लिई आवश्यक उपचारविधि अपनाउनु बुद्धिमानी हुन्छ ।**

## Opinion @ Social Network

जिन्दगीमा सबैभन्दा अमुल्य उपहार भनेको नै एउटा जीवन साथी हुन्छ रे जसलाई किनेर होइन किस्मतले मिल्छ ।

*(रोमनसिं रानाको फेसबुक स्टाटस https://www.facebook.com/rogun.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन विदेशिदै छन् नेपाली ?



**चन्द्र गिरी**

***जीवनमा दुई छाक खान पाइयोस्, आङ छोप्न पाइयोस्, बस्नलाई एउटा आफ्नै घर होस्, छोराछोरीलाई पढाउन सकियोस् र बिरामी पर्दा उपचार गर्ने हैसियत होस् भन्ने चाहना राख्नु ठूलो इच्छा पनि होइन । सर्वसाधारण गाउँलेले देशमै बसेर त्यो सुख–समृद्धि पाउने सम्भावना देखेका छैनन् । त्यस्तो सम्भावना भएको भए विष्णु माझीको परिवारले नेपालमै केही गर्थ्यो, उनका नाति दुबई जानुपर्दैनथ्यो । गरिबीका कारण पढ्न नसकेपछि आफ्नै देशमा जागिर खाने कुरै आएन । व्यापार गर्न पैसा छैन । फेरि सबै मान्छेसँग व्यापार गर्ने क्षमता पनि हुँदैन ।***

नेपालीका लागि मुग्लान पस्ने चलन नयाँ होइन, गाउँ र सहर नै खाली हुने गरी विदेशिने क्रम भने नयाँ हो । यसको कारण भने पहिले पनि त्यही थियो, अहिले पनि फेरिएको छैन । मूलत: नेपालीहरू आर्थिक अवसरको खोजीमा विदेशिने छन् । कसैकसैले परिवारमा सामेल हुन र अध्ययनका लागि पनि देश छाडेका छन् । द्वन्द्व, उत्पीडन, मानव अधिकार उल्लैन वा प्रतिकूल वातावरणका कारण विदेशिने निकै कम छन् । विदेशिने क्रम आगामी वर्षहरूमा अझ बढ्नेछ, घट्ने नामोनिसान देखिँदैन । मुग्लान पस्ने लहरले त्यो व्यक्तिको र उसको परिवारको मात्र होइन, समग्र समाज र देशलाई समेत गहिरो प्रभाव पार्ने भएकाले उनीहरूप्रतिको हाम्रो सोचाइमा परिवर्तन ल्याउनु जरुरी छ ।

यस सम्बन्धमा म एउटा वास्तविक कथा प्रस्तुत गर्न चाहन्छु, यस कथाका पात्रको नाम भने परिवर्तन गरिएको छ । कथा हो पूर्वी नेपालको कुनै गाउँको, जहाँका एक धनीमानी व्यक्तिले आफ्नै जमिनमा गरिबहरूको एउटा बस्ती बसाएका थिए । त्यहीं विष्णु माझीले पनि एउटा सानो फुसको छानो भएको घर बनाउन सित्तैमा घडेरी पाए । गाउँमै मजदुरी गरेर उनको परिवारको गुजारा चल्थ्यो । उनको घरमा वर्षमा कति दिन धुवाँ आउँदैनथ्यो । ऋणधन गरेर भए पनि चाडबाड भने मजाले मनाउँथे । झट्ट हेर्दा उनको अनुहारमा न दु:ख देखिन्थ्यो न हाँसो । मजदुरी जीवनको त्यो चक्र हटाउन उनको परिवारमा न ज्ञान छ न त सीप । कसैले हस्तक्षेप नगरी उनको परिवार गरिबीको रेखामाथि उठ्ने सम्भावना नै छैन । सरकार वा परोपकारी संस्थाहरू उनको घरमा पुग्दै पुग्दैनन् । उनलाई सरकारको बारेमा थाहै छैन । हुन सक्छ, गाउँका नेताहरू र धनीमानीहरू उनी र उनका सन्तानले सधैं यस्तै मजदुरी गरेको हेर्न चाहन्छन् । अथवा गरिबी निर्मूल पार्ने विषय निर्वाचित जनप्रतिनिधिहरूको सरोकारको विषय वा प्राथमिकता होइन । छोराछोरीले पढे केही गर्छन् कि भन्ने आशा हुँदो हो तर गाउँको स्कुलमा कक्षा ५ सम्म पढेपछि विष्णुले उनीहरूलाई पनि बिहान-बेलुकाको छाक टार्न मजदुरीमै लगाउँछन् । सहरमा पठाएर त्योभन्दा माथि पढाउने हैसियत छैन उनको । मजदुरी गरेरै चलेको छ पुस्तौंदेखि उनीहरूको घरपरिवार । विष्णुका नाति इन्द्रबहादुर अलिक फरक देखिए । कक्षा ५ सम्म पढेर स्कुल छाडे पनि पत्रपत्रिका र किताबहरू भेटेसम्म पढ्न छाडेनन् । कनीकुथी अंग्रेजी बोल्न पनि सिके । ऋणपान गरेर काम गर्न दुबई पुगे । विदेश जाने भनेपछि चर्को ब्याजमा उनले गाउँमै ऋण पाए । उनले पनि ब्याजदरको हिसाब गर्न चाहेनन्, किनभने ऋण पाउनु नै ठुलो कुरा भयो । केही वर्ष दुबईमा पसिना बगाएर इन्द्रबहादुरले ऋण मात्र तिरेनन्, गाउँमा एकतले पक्की घर पनि बनाए । उनको परिवारले मिठोमसिनो खान पायो । उनले बुवालाई एउटा साइकल किनिदिएका छन् । अहिले पनि विदेशमै रहेका उनले बहिनीलाई कलेज पढाउन पैसा पठाउँछन् । मरुभूमिको घामले डढेर कालो भएका इन्द्रबहादुर भन्छन्, ‘नेपालमै बसेको भए यस्तो अवसर प्राप्त हुँदैनथ्यो । मजदुरी गरेरै जीवन अस्ताउँथ्यो ।’ कालो भएकाले गाउँ फर्किंदा कसैले नचिन्लान् भन्ने डर भने छ उनलाई । उता राजधानी काठमाडौंमा राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका एक महानुभाव विदेशिनु राम्रो होइन भनेर भाषण दिइरहेका छन् । विदेशिने लर्को देखेर राष्ट्रप्रेम घट्यो, नैतिकता बोइङमा चढ्न थाल्यो भनेर उनी चिन्तित छन् । यो समाचार पढेर इन्द्रबहादुर कन्फ्युज छन् । अस्ति एक नेताले सित्तैमा विदेश पठाइदिन्छु भनेर चुनाव जितेका थिए, अहिले त्रिभुवन विमानस्थलमा विदेशिनेको ताँती देखेर आँसु आयो भन्छन् । अर्का नेताले ‘रहरले विदेश गएका हुन् रहर पुगेपछि फर्किन्छन्’ भनेछन् । फेरि उसले पढ्यो, तिनै नेताले आफ्नो एउटा छोरा अमेरिका र एउटी छोरी अस्ट्रेलिया पठाएका रहेछन् ।

‘राष्ट्रप्रेमी नेपाली विदेश नजाऊ आफ्नै माटोमा केही गर’ भन्ने भाषा विष्णु र इन्द्रबहादुर माझीजस्ता लाखौं नेपालीले बुझ्दैनन् । उनीहरू रहरले होइन, बाध्यताले बिदेसिएका हुन् । आफ्नो गाउँघर र देश छाड्ने परम्परा सदियौं पुरानो हो । ऋषिमुनिहरू हिमालयमा आएर ज्ञान हासिल गर्थे । सिद्धार्थ गौतमले घर छाडेरै बोधिसत्व प्राप्त गरेका थिए । पहाडबाट तराई आएर जंगल फँडानी गर्न तत्कालीन पञ्चायती सरकारले नै उत्प्रेरित गरेको थियो । अवसरको खोजीमा गाउँबाट सहर छिर्ने चलन हिजो थियो, आज छ र भोलि पनि रहनेछ । हाम्रा नौजवानहरू ब्रिटिस आर्मी, इन्डियन आर्मी, गुर्खा कन्टिन्जेन्ट सिंगापुर र गुर्खा रिजर्भ युनिट ब्रुनाई जाने परम्परा नयाँ होइन । हाम्रा पुर्खाहरू दार्जिलिङ, सिक्किम, आसाम, भुटान, बर्मालगायत ठाउँमा गएर बसोबास गरेका थिए । पछिल्ला केही दशकमा संसारका धेरै देशमा नेपालीहरू छरिएको कुरा सबैमा जगजाहेरै छ । कुन मुलुकमा कति पुगेका छन् भन्ने लेखाजोखा भने हुन बाँकी छ । खाडी मुलुकसहित मलेसिया, कोरिया, इजरायल, युरोप, अस्ट्रेलिया, अमेरिका, क्यानडा कहाँ पुगेका छैनन् र नेपाली । २०४६ मा बहुदल आएयता जनचेतना बढेको र प्रक्रिया सहज भएका कारण नेपालीहरू विदेशिने क्रम ह्वात्तै बढेको हो भन्ने मान्यता छ । बिल गेट्सले एकपल्ट भनेका छन्, ‘गरिब जन्मिनु तपाईंको गल्ती होइन तर गरिब भएरै मर्नु तपाईंको गल्ती हो ।’ जोसुकै पनि सुख-समृद्धिको खोजीमा हुन्छ । जीवनमा दुई छाक खान पाइयोस्, आङ छोप्न पाइयोस्, बस्नलाई एउटा आफ्नै घर होस्, छोराछोरीलाई पढाउन सकियोस् र बिरामी पर्दा उपचार गर्ने हैसियत होस् भन्ने चाहना राख्नु ठूलो इच्छा पनि होइन । सर्वसाधारण गाउँलेले देशमै बसेर त्यो सुख-समृद्धि पाउने सम्भावना देखेका छैनन् । त्यस्तो सम्भावना भएको भए विष्णु माझीको परिवारले नेपालमै केही गर्थ्यो, उनका नाति दुबई जानुपर्दैनथ्यो । गरिबीका कारण पढ्न नसकेपछि आफ्नै देशमा जागिर खाने कुरै आएन । व्यापार गर्न पैसा छैन । फेरि सबै मान्छेसँग व्यापार गर्ने क्षमता पनि हुँदैन । भूमिहीनले के खेती गर्नु ? उद्योगधन्दा गाउँमा छिरिसकेका छैनन्, सहरमै पनि काम पाइँदैन । सरकारले केही गरिदेला भनेर कति आशा गर्नु ? देशमै केही गर्छु भन्यो भने ऋण कसैले दिँदैनन् । गरिबीको दलदलबाट माथि उठ्नै नसकिने अवस्था छ । विदेशिनु बाहेक अर्को विकल्प के छ ? इन्द्रबहादुरलाई भने आफ्नै गाउँघरमा परिवार, आफन्त र साथीसंगीसँग सुखी र खुसी जीवन बिताउन पाए हुन्थ्यो भन्ने छ । गाउँमा तत्कालै रोजगारी र आम्दानीको क्षेत्र विस्तार गर्ने सम्भावना छैन । स्वदेशमै रोजगारको व्यवस्था भए पनि विदेशिने क्रम रोकिने सम्भावना छैन । बेरोजगारको के कुरा, जागिर हुनेहरू पनि देशमा भविष्य देख्दैनन् । शिक्षक, पुलिस र सरकारी कर्मचारीसमेत विदेशिने क्रम जारी छ ।

देशका सबै युवा बिदेसिएका वा विदेशिने क्रममा छन् । गच्छेअनुसार निमुखाहरू भारत र खाडी मुलुक, अलिक पैसा हुने मलेसिया, जापान र कोरिया, पैसावाला तथा पढे-लेखेकाहरू युरोप, अस्ट्रेलिया, क्यानडा, अमेरिका जाने गर्छन् । विदेश नगए ‘यो त लफङ्गा भयो’ भन्ने सुनिन्छ । गाउँमा बस्ने युवाको मनोबल खस्किएको छ । मेरा छोराछोरी विदेशमा छन् भनेर गर्वसाथ भन्छन् बाउआमा । विष्णु माझी पनि चौतारीमा बसेर जुँगा मुसार्दै त्यसै भन्न रुचाउँछन् । युवा बिदेसिएपछि गाउँ बुढाखाडा र केटाकेटी बस्ने ठाउँ भएको छ । खेतबारी बाँझो छ । कतिपय घर खण्डहर भएका छन् । गाउँको सुन्दरता लुटिएको छ । बिरामी पर्दा हेरविचार गर्ने कोही छैन, मान्छे मर्दा मलामी पाइन छाड्यो । भनिन्छ- विकास गाउँ जान थालेको छ, युवाले गाउँ छाडिरहेका छन् । देशले आर्थिक सम्पन्नता हासिल नगरेसम्म चाहेर पनि विदेशिने क्रम रोक्न सक्ने स्थिति छैन । यो नेपालको मात्र होइन, विश्वव्यापी यथार्थ हो । अहिले खासगरी एसिया, अफ्रिका र दक्षिण अमेरिकाका धेरै मानिस विदेशिने क्रम बढिरहेको छ । संसारकै सबैभन्दा शक्तिशाली र धनी देश अमेरिका समेतले अग्ला-अग्ला पर्खाल बनाएर आप्रवासीलाई रोक्न सकेको छैन । युरोपियन देशहरूको त्यस्तै हालत छ । विदेशिने क्रम रोक्ने सम्भावना नभएपछि बरु दक्ष जनशक्ति पठाएर उनीहरूलाई सक्दो सहयोग गर्नु जरुरी छ । विदेशमा बस्नेहरूबाट पनि देश बनाउन सहयोग लिनुपर्छ । आप्रवासी नेपालीले प्रत्यक्ष रूपमा राजनीतिमा भाग लिन नपाए पनि अप्रत्यक्ष रूपमा सहभागी हुन छोड्नु हुँदैन । विदेशी नागरिकता लिएकाहरूले नेपालको राजनीतिको चिन्ता नलिए हुन्छ भन्ने तर्क सान्दर्भिक छैन । उदाहरणका लागि सन् २०२२ मा भएको चुनावमा भारतको गुजरात राज्यमा विश्वभरका २५ हजार एनआरआई आएर भारतीय जनता पार्टीलाई सहयोग गरेको समाचार आएको थियो । यता धेरै नेपाली आप्रवासीले गएको चुनावमा बालेन शाहलाई काठमाडौंको मेयरमा जिताउन सहयोग गरेका थिए । काठमाडौंमा भएका आफ्ना घरपरिवार र आफन्तलाई सम्पर्क गरेर बालेनलाई भोट दिन उत्प्रेरित गरेका थिए । एकजना नेताले ‘अब देशभित्र मात्र होइन, विदेशमा पनि भोट खोज्नुपर्छ’ भनेका रहेछन् । विदेशिनेको संख्या बढ्दै गर्दा नेपालको राजनीतिमा उनीहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पनि बढ्ने सम्भावना छ ।

विदेशिने क्रम घट्ने होइन, बढ्दै जाने पक्का छ । देशले आर्थिक समुन्नतिमा छलाङ नमारेसम्म यो क्रम रोकिँदैन । आफ्नो र परिवारको आर्थिक स्थिति छिटै सुधार्न अधिकांश नेपालीलाई विदेशिनुको विकल्प छैन । तसर्थ, बिदेसिएका नेपालीलाई समेत समेटेर देश निर्माणको पहल गर्नु जरुरी छ । नागरिकता जहाँको लिए पनि एकपल्टको नेपाली सधैंको नेपाली ठानेर उनीहरूको देश प्रेममा शंका गर्नु हुँदैन । बरु दक्ष जनशक्ति स्वदेश फर्काउने नीति ल्याउनुपर्छ । आप्रवासनलाई सुरक्षित, सम्मानित र व्यवस्थित बनाउनु जरुरी छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ । | **तुला** :खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । |
| **वृष** :प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। | **वृश्चिक** : साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ । |
| **मिथुन** :परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। | **धनु** :पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । |
| **कर्कट** : नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ने हुनसक्छ। | **मकर** : चुनौतीहरू स्वत: हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। |
| **सिंह** :धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । | **कुम्भ** : गोप्य सूचना बाहिरिनाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ। |
| **कन्या** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | **मीन** :परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ। |




नीति कथा — कमल रिजाल

# संयमको शक्ति



प्रसङ्ग त्यति बेलाको हो जति बेला व्यासजी र गणेशजीबीच महाभारतको कथा भन्ने र लेख्ने क्रम चलिरहेको थियो । व्यासजी भन्थे गणेशजी भन्न भ्याएका हुन्न भुर्जपत्रमा उतारिसक्थे । जब अन्तिम श्लोक पनि भन्ने र लेख्ने काम सकियो व्यासजीको मनमा ठूलै जिज्ञासा उत्पन्न भएकाले टोलाउन लागे । उनी टोलाएको देखेर गणेशजीको मनमा पनि जिज्ञासा उत्पन्न भएकाले सोधे-

'गुरुजी ! टोलाउन लाग्नुभयो नि किन ? अब त तपाईंको चाहना अनुसार महाभारतको कथा लेख्ने काम पनि सकियो । तैपनि टोलाउँदै हुनुहुन्छ भने पक्कै कुनै कारण हुनुपर्छ । कुनै गल्ती भएको छ भने भन्नुस् है । म छउन्जेल चिन्ता गर्नुपर्दैन । अहिले नै सुधारिदिने छु ।'

गणेशजीको कुरा सुनेर व्यासजीले असहज मान्दै भने-

'होइन गणेशजी ! त्यस्तो केही होइन । जहाँ तपाईं जस्ता सिद्धिदायक विघ्न हर्ता गणेशजीको उपस्थिति हुन्छ त्यहाँ गल्ती हुने प्रश्नै आउन्न । जहाँसम्म किन टोलाउनुभयो भन्ने प्रश्न छ त्यसको भने अर्कै कारण छ ।'

'कारण अर्कै छ ?'

'हो, कारण अर्कै छ ।'

'के कारण हो जान्न सक्छु ?'

'यही कि मनमा एउटा जिज्ञासा उत्पन्न भइरहेको छ ।'

'जिज्ञासा ?'

'हो, जिज्ञासा ।'

'कस्तो जिज्ञासा हो भन्नुस् न ।'

'के भन्ने खोइ, यति लामो समयदेखि बोलिरहेको छु । बिसौं लाख शब्द बोलिसकेँ होला तर तपाईंले भने एउटै शब्द बोल्नुभएको छैन । कसरी नबोलेरै यति लामो समय बिताउन सक्नुभएको होला । अझ त्योभन्दा पनि आश्चर्य त के भने मैले बोल्न भ्याएको हुन्न तपाईं लेखेर भ्याउनुहुन्छ । यसको रहस्य के होला भन्ने लागिरहेको छ ।'

उनको कुरा सुनेर गणेशजीले मुस्कुराउँदै भने-

'ल ! यो कुन ठुलो कुरा भयो र ? यही त हो मेरो शक्ति ।'

'यही हो ?'

'हो, यही हो ।'

'कुरो बुझ्न गाह्रो परेकाले प्रस्ट पारिदिनुहुन आग्रह गर्छु ।'

त्यसपछि गणेशजीले मौनताको व्याख्या गर्दै भने-

*'हेर्नुस् व्यासजी ! मौनतामा जति शक्ति अरू केहीमा हुँदैन । जसरी कुनै दियोमा बढी तेल हुन्छ कुनैमा कम तर तेलको अक्षय भण्डार भने कुनैमा पनि हुँदैन त्यसैगरी देव, दानव, मानव लगायत सबै किसिमका प्राणीको प्राण शक्ति सीमित नै हुन्छ । मात्र फरक कसैमा कम होला कसैमा केही वेशी तर असीम भन्ने चाहिँ कसैमा पनि हुँदैन । त्यसैले प्राणशक्तिको पूरा प्रयोग उसैले गर्न सक्छ जसले संयम गर्न सकेको छ, जानेको हुन्छ । यति बुझ्नुस् संयम नै सबै किसिमका सिद्धिका आधार हो । जहाँसम्म संयमको पनि आधारको कुरा छ त्यो भने वाक्संयम नै हो । यही नै संयमको प्रथम सिँढी हो । जसले बोलीलाई संयममा राख्न जानेको हुँदैन वा सकेको हुँदैन उसको जिभ्रो बोलिरहन्छ । अनि जसको जिभ्रो बोलिरहन्छ तब बोल्न हुने पनि बोल्छ नहुने पनि बोल्छ । अन्ततः यही नै नाना भाँतीका समस्याका कारण बन्छ । सर्वप्रथम उसको प्राण शक्तिलाई सोसिदिने भएकाले काममा सिद्धि पाउन गाह्रो पर्छ । सारमा यति नै भन्न सकिन्छ वचनको संयम भनेको सबै किसिमको अनर्थ परम्पराको दग्धबीज हो ।*

'हेर्नुस् व्यासजी ! मौनतामा जति शक्ति अरू केहीमा हुँदैन । जसरी कुनै दियोमा बढी तेल हुन्छ कुनैमा कम तर तेलको अक्षय भण्डार भने कुनैमा पनि हुँदैन त्यसैगरी देव, दानव, मानव लगायत सबै किसिमका प्राणीको प्राण शक्ति सीमित नै हुन्छ । मात्र फरक कसैमा कम होला कसैमा केही वेशी तर असीम भन्ने चाहिँ कसैमा पनि हुँदैन । त्यसैले प्राणशक्तिको पूरा प्रयोग उसैले गर्न सक्छ जसले संयम गर्न सकेको छ, जानेको हुन्छ ।

यति बुझ्नुस् संयम नै सबै किसिमका सिद्धिका आधार हो । जहाँसम्म संयमको पनि आधारको कुरा छ त्यो भने वाक्संयम नै हो । यही नै संयमको प्रथम सिँढी हो । जसले बोलीलाई संयममा राख्न जानेको हुँदैन वा सकेको हुँदैन उसको जिभ्रो बोलिरहन्छ । अनि जसको जिभ्रो बोलिरहन्छ तब बोल्न हुने पनि बोल्छ नहुने पनि बोल्छ । अन्ततः यही नै नाना भाँतीका समस्याका कारण बन्छ । सर्वप्रथम उसको प्राण शक्तिलाई सोसिदिने भएकाले काममा सिद्धि पाउन गाह्रो पर्छ । सारमा यति नै भन्न सकिन्छ वचनको संयम भनेको सबै किसिमको अनर्थ परम्पराको दग्धबीज हो । अतः सानैदेखि यही मौनको उपासक बन्दै आएको छु । हालसम्म जे जति काम गर्न सकेको छु वा मबाट हुन सकेका छन् त्यसको मूल कारण यही मौनको उपासना नै हो ।' यति भनेर गणेशजी आफ्नो बाटो लागे । व्यासजी त्यसैको अभ्यास गर्न लागे । अन्ततः उनी यसैबाट १८ पुराणको रचना गर्न सक्षम भए । यस कथामा के कति सत्यता छ त्यो थाहा छैन तर मौनमा ठुलो शक्ति हुन्छ भन्ने कुरा भने सत्य हो । त्यसैले त गफाडीहरू गफै मात्र दुनियाँ हसाइरहेका हुन्छन् मौन रहनेहरू काम गरेर देखाइरहेका हुन्छन् ।

*-रातोपाटी डटकम*

व्यङ्ग्य निबन्ध — भैरव अर्याल

# नेता नम्बर एक सय एक

दन्त्यकथामा आकाशबाट फुलौरा बर्सेझैं अन्त्यकथामा एकताका पातालबाट नेता बर्सन्थे । काला, गोरा, ध्वाँसे, छिर्बिरे,फ्याँते, फोक्से, चुच्चे, नेप्टे, भँगेरे, चमेरे- जस्तो नेता खोजे पनि त्यति बेला पाउन सकिन्थ्यो । साँच्ची भनूँ भने तिनताक नुनमा कन्ट्रोल भए पनि नेतामा थिएन । पाटीमा बास नपाए पनि पार्टीमा त खास पाइन्थ्यो । त्यसैले म कुरा झिक्तै छु त्यही झालेमाले दशाब्दीको । म थिएँ त्यस बेला बेनामी अड्डाको बहीदार । अड्डा बेनामी भन्दैमा आफू पनि बेनामी थिएँ भन्ने नसम्झनुहोला नि । खासखुस बहादुर खतिवडा भनेपछि सिंहदरबारदेखि लिएर कमिलाकुटीसम्म मलाई नचिन्ने कोही थिएन । बाहिर छउन्जेल घुम्ने, भित्र छउन्जेल उभ्ने भएकोले कोही मलाई बहीदारको सट्टा फुइँदार पनि भन्ने गर्थे । तर के गर्नु र ! प्रमोसन पाउने बेला भयो कि आइपुग्थ्यो अर्कै जगरसेठ, कहिले नेतामार्का, कहिले नातामार्का ।

मलाई एक दिन झोंकै चल्यो, दर्जाको पछाडि एउटा 'टर' नझुन्डिएको जागिर के खानु ? किनभने जमानै 'टर' को छ हेर्नोस् न -मिनिस्टर, डाइरेक्टर, इन्सपेक्टर, मास्टर, डाक्टर, एडिटर, अडिटर इत्यादि । पुलिस इन्सपेक्टर नपाए बस कन्डक्टर नै सही, एडिटर नपाए कम्पोजिटर नै सही, एउटा 'टर' त झुन्ड्याउनै पर्छ बा ! यो जाबो बहीदार सधैँको दिक्दार । यस्तै कुरा सोच्तै मकैमार्का बेसनको लड्डु खाएर चुइँचुइँ कराउने साइकिलरुपी छुचुन्द्रोमा गणपति लम्केझैँ ढल्किँदैढल्किँदै हल्लिरहेको थिएँ ! नयाँसडकको मूल ढोकैमा प्रसिद्ध नेता कछुवाकान्त कार्की भेट भए । साइकिलबाट ओर्ह्लँदै नमस्कारपूर्वक मैले सोधेँ- "नेताजी कता ?" "एउटा पार्टी छोडिहालियो । अर्को पार्टी खोलिसकिएको छैन । त्यसैले हालसाललाई नेताजी न यता न उता !" नेताजीले नाक मुसार्दै भने । अनि खल्तीबाट क्राइभेन चुरोट निकाल्दै गम्भीर मुद्रामा मलाई सम्झाए- "तपाईं जस्ता नौजवानले पनि बहीदारमा भुन्डिने हो ? आउनुहोस् मेरो पार्टीमा काम गर्न । सेक्रेटरी गराइदिन्छु । अहिलेलाई चिया-चुरोट चलाइदिउँला, चन्दा धेरै उठेपछि चप-चुस्कीको चमेना पनि गर्नुहोला ।" सेक्रेटरी, हँ ! 'टर' भन्दा पनि ठूलो टरी... उनको कुरा सुन्नेबित्तिकै के खोज्छन् काना ? आँखो भनेझैँ मलाई लाग्यो र झोला र झन्डा काँधमा हालेर हिँडे त्यहीँदेखि चन्दा उठाउने धन्दामा । जोजो जेजे चाहन्छन्, त्यहीत्यही मिलाइदिन आशा देखाएपछि चन्दा झर्न कति बेर ! हाम्रो घोषणापत्रमै लेखेको थियो-

"व्यापारीलाई दर, सुकुमवासीलाई घर, जागिर खानेलाई पोस्ट, खाजा खानेलाई टोस्ट, जोगीलाई जंक्सन, रोगीलाई इन्जेक्सन, पढ्नेलाई पास, खेल्नेलाई तास, गाइनेलाई भ्वाइलिन, आइमाईलाई नाइलिन, पुलिसलाई डन्डा, नेतालाई झन्डा, पन्डालाई भेटी, गुन्डालाई केटी, इत्यादि ।" तर के गर्नु- नेता थिए नम्बर वन, जति चन्दा उठाए पनि आफैँ च्वाम् । आखिरमा गएर मलाई जंगबहादुरको पालाको एउटा जडाउरी कोटमा टारिदिए । चौटा खान गएको सम्धी झोलमा डुबेर मऱ्यो भने झैँ म हिस्स बूढी हरिया दाँत भएँ । तर, उद्योग गर्दै रहेपछि एकातिर नभए अर्कोतिर गल्फ भन्ने सम्झेर तुरुन्तै ज्वाइन गरेँ अर्को पार्टी । पार्टीको नाम त के हो कुन्नि, अंग्रेजीमा थियो, तर नेताको नाम भने रेशमवीर पाँडे हो ! नेतालाई भेटेकै दिन श्रीमती नेतीले मसित सुटुक्क भनिन्- "तपाईं पहाडको मान्छे, एक टिन शुद्ध घिउ ल्याइदिनुहोस् न, म उहाँ हजुरलाई भनेर अफिससेक्रेटरी गराइदिउँला ।" के गरुँ-

*"नेतानां नेतीनां चवै वचनं नैव लंघयेत्,*
*संसदीये प्रजातन्त्रे पार्टीनेतैव ईश्वरः ।"*

यही ठानी गएँ उही दिन काम्लोकुम्लो बोकेर देउपुरतिर । तै, घिउ बोकेर आउँदै थिएँ, भाग्यमानीको भूतै कमारा भनेझैँ अर्को नेताले समाएर भने- "त्यो ठगसित किन लाग्छौ, बरु एक टिन घिउको अडर मै दिउँला तिमीलाई, मेरो पार्टीको संगठन गर ।" कुरा मलाई ठीकै लाग्यो र थालेँ उनैको पार्टीको लागि मान्छे फकाउन ।

*माम पाएपछि काम गर्न को गाह्रो मान्छ ? कसैलाई कुराले फुलाएर, कसैलाई सुराले झुलाएर, कसैलाई झन्डाले लोभ्याएर,कसैलाई डन्डाले सोझ्याएर, कसैलाई खेती जोरिदिउँला भनेर, कसैलाई केटी खोजिदिउँला भनेर, कसैलाई नुन पाउला भनेर, कसैलाई सुन लाउला भनेर इत्यादि गर्ने कृत्य गरी मेरा मनोमान खुसी राजीसाथ पार्टीको सदस्यबुकमा सही गराएँ । यसको फलस्वरुप कैयौँ पटक जुलुस, भाषण, हडताल, पिकेटिङ गरियो । "जहाँसम्म हाम्रो अखिल नेपाल दुःखमोचन पार्टीको सरकार हुँदैन, त्यहाँसम्म संघर्ष जारी नै रहन्छ" भन्दै सभापति श्री बिकनबिलास बनियाँले नेपालचौरमा कुर्ले । सहिदको सपथ खाँदै उनले यो पनि भने कि हाम्रो पार्टीको सरकार बनेको भोलिपल्ट नेपालको दुःखजति कालमोचनमा लगी म बगाइदिन्छु । नभन्दै नेताले फुर्का हालेको दिन उनकी सालीले हीराका लुर्का पाइन्, मैलेसम्म एक तुर्का चिया पाएको थिएँ, मैले बनाएका सदस्यले एक कुड्का ल्वाङ पनि पाएनन् वा अरु जनताले भने भोलिपल्टदेखि कतै नेताका सालाको, कतै सालाको पनि सालाको मुड्का पाउन थाले ।*

माम पाएपछि काम गर्न को गाह्रो मान्छ ? कसैलाई कुराले फुलाएर, कसैलाई सुराले झुलाएर, कसैलाई झन्डाले लोभ्याएर,कसैलाई डन्डाले सोझ्याएर, कसैलाई खेती जोरिदिउँला भनेर, कसैलाई केटी खोजिदिउँला भनेर, कसैलाई नुन पाउला भनेर, कसैलाई सुन लाउला भनेर इत्यादि गर्ने कृत्य गरी मेरा मनोमान खुसी राजीसाथ पार्टीको सदस्यबुकमा सही गराएँ । यसको फलस्वरुप कैयौँ पटक जुलुस, भाषण, हडताल, पिकेटिङ गरियो । "जहाँसम्म हाम्रो अखिल नेपाल दु:खमोचन पार्टीको सरकार हुँदैन, त्यहाँसम्म संघर्ष जारी नै रहन्छ" भन्दै सभापति श्री बिकनबिलास बनियाँले नेपालचौरमा कुर्ले । सहिदको सपथ खाँदै उनले यो पनि भने कि हाम्रो पार्टीको सरकार बनेको भोलिपल्ट नेपालको दु:खजति कालमोचनमा लगी म बगाइदिन्छु ।

नभन्दै नेताले फुर्का हालेको दिन उनकी सालीले हीराका लुर्का पाइन्, मैलेसम्म एक तुर्का चिया पाएको थिएँ, मैले बनाएका सदस्यले एक कुड्का ल्वाङ पनि पाएनन् वा अरु जनताले भने भोलिपल्टदेखि कतै नेताका सालाको, कतै सालाको पनि सालाको मुड्का पाउन थाले । यो देखी मलाई साह्रै जङ चल्यो र म पुगेँ अर्कै पार्टीमा । तर त्यो रहेछ गजब पार्टी । जानासाथ मेरो इन्टरभ्यु पो लिन थाल्यो ! प्रश्नोत्तर यिनै थिए-

"हुलदंगामा तँ कति पटक पक्रिएका छस् ?"

"छैन ।"

"हतियार चलाउन केके जान्दछस् ?"

"जान्दिनँ ।"

"चोरी, रहजनी इत्यादिमा बात लागेको छ कि छैन ?"

"छैन ।"

"परेको बेलामा चर्पीको प्वालबाट भाग्न सक्छस् कि सक्दैनस् ?"

"सक्दिनँ " इत्यादि । अनि नेताले एउटा ठेलो पल्टाएर भन्यो-

"चोरिचकारि नगरी चतुऱ्याइँ हुन्न
दङ्गाफसाद नगरे इजतै रहन्न ।
सोझा र सज्जन कबै नलिनू दलैमा
पार्टी चलाउनु सधैँ छल औ बलैमा ।"

यो सुनेर म अक्क न बक्क परी फर्के वरैतिर । तर पार्टीको नशा अफिमको भन्दा पनि कडा हुने रहेछ । बाबुआमा गाली गर्थे- पार्टीमा कुद्नुभन्दा पाटीमा एउटा नाङ्ले पसल थाप्नु नि बाबू ? तर के भन्या यस्तो ? नेता हुने मान्छेले नाङलाँ तिलौरी बेचेर बस्नु ?तिलौरिको सट्टा बरु स्वास्नीको तिलरी बेचुँला नि भनेजस्तो लाग्यो । अनि मैले धमाधम एकपछि अर्को, अर्कोपछि अर्को गर्दै भएजति पार्टी चहारेँ । दुई-चार वटाको नाम पनि सुनिहाल्नोस् -

१) राष्ट्रिय छलछाम परिषद् ।
२) अराष्ट्रिय पेडाजुल्फी दल ।
३) अन्तर्राष्ट्रिय खुर्पा पार्टी ।
४) अराष्ट्रिय जम्बुक दल ।
५) सुराष्ट्रिय कन्याखोज मण्डल ।
६) कुराष्ट्रिय कुकर्म काउन्सिल इत्यादि ।

श्राद्ध गर्दा बिकारलाई घोप्ट्याएको दुनो पनि पछि गएर पुरेतले सोझ्याउन लाउँछन्, तर मेरो घोप्टिएको दुनो कतै पनि सोझिएन । एक सुयवटा नेताको संगत गरेँ, जुत्ता बोकेँ, आखिरमा आएर न यता न उता । तयसैले झोकै शान्ति मैले पनि मावलीको मद्दतले एउटा पार्टी खोलेको छु, जसको नाम हो- 'अखिल नेपाल भस्याङभुसुङ दल' । जसले जे भने पनि आखिर म पनि एउटा नेता भैहालेँ । अन्त्यमा, मेरो पार्टीमा काम गर्न चाहने कुनै कङ्गाली छ भने बङ्गाली भाषामा एउटा दरखास्त लेखी बतासे हुलाकमा खसालिदिनुहोला अथवा जग खन्ने मुसा, घुरी खोस्रने बिरालाको कानमा झुन्डयाइदिए पनि हामीकहाँ आइपुग्छ । सो पनि नसके एउटा लाटोकोसेराको कानमा सुटुक्क भनी पठाए पनि हुन्छ । नोट गरी राख्नोस्- नेता नम्बर - एक सय एक ।

*-साहित्यपोष्ट डटकम*

# कृषकलाई लहरे तरकारीको विउ



**पाल्पा,** पुस २५/रामपुरका कृषकलाई लहरे तरकारीको विउ वितरण गरिएको छ । रामपुर नगर सरकारले यहाँका कृषकलाई ५० प्रतिशत अनुदानमा हिउँदे तरकारीको विउ वितरण गरेको हो ।

कृषकहरुलाई तरकारीमा आत्मनिर्भर बनाउनुको साथै आर्थिक रुपमा समेत बलियो बनाउने उद्देश्यले कृषकलाई लहरे तरकारीको विउ सहयोग गरिएको नगर सरकार कृषि शाखाले जनाएको छ । नगर प्रमुख प्रमुख रमणबहादुर थापाले एक औपचारिक कार्यक्रमका बिच कृषकलाई विउ हस्तान्तरण गरेका हुन् । विउ हस्तान्तरण गर्दै नगर प्रमुख थापाले नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउनका लागि कृषकलाई अनुदानमा विउ विजन वितरण गरिएको बताए । कृषकलाई व्यवसायिक र आत्मनिर्भर बनाउन विउ विजनले महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । 'व्यवसायिक कृषक बनिदिनुहोस् नसके आफुलाई आवश्यक तरकारी आफै उत्पादन गर्नुहोस्' नगर प्रमुख थापाले कृषकलाई भने 'बाहिरबाट आयात गरेको तरकारीमा विषादी प्रयोग हुने भएकाले स्वास्थ्यका लागि हानिकारक हुन्छ ।' बाहिर निर्यात गर्ने गरी तरकारी उत्पादन नगरे पनि कम्तीमा नगरपालिका भित्र आवश्यक तरकारीको मागलाई परिपूर्ति हुने गरी उत्पादन गर्न उनले कृषकलाई आग्रह गरे ।

मानव स्वास्थ्य र कृषकहरुलाई राहत स्वरुप नगरपालिकाले विभिन्न समयमा अनुदानमा विउ विजन वितरण गर्दै आएको नगर प्रमुख थापाको भनाई छ । नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्विकृत तेलहन तथा तरकारीको विउ विजन ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत विउ विजन वितरण गरेको नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । साथै वितरित विउ विजनबाट राम्रो उत्पादनका लागि नगरपालिकाले प्राविधिक सहयोग तथा परामर्श दिने समेत उनले जानकारी दिए । उनले भने 'कृषकको उत्पादनको आधारमा मूल्याङ्कन गरेर विभिन्न अनुदान दिईने छ ।' कृषकको मागको आधारमा ६ लाख ९७ हजार ३ सय ३२ रुपैयाँ बराबरको काँक्रा, लौका, घिँरौला, तिते करेला, टमाटर, भिण्डी, तनेबोडी, घ्यू सिमी जातका तरकारीको विउ विजन वितरण गरिएको कृषि जेटिए युवराज नेपालीले बताए । यो कार्यक्रम अन्तर्गत १ सय ५४ जना कृषक तथा कृषि समूहलाई विउ विजन वितरण गरिने र पहिलो दिन ६० जना कृषकलाई विउ विजन वितरण गरिएको कृषि शाखाले जनाएको छ ।

# इएफ्टीमार्फत सामाजिक सुरक्षा भत्ता

**पाल्पा,** पुस २५/जिल्लाको बगनासकाली गाउँपालिकामा विद्युतीय भुक्तानी प्रणाली 'इएफ्टी'मार्फत सामाजिक सुरक्षा भत्ता दिन थालिएको छ । यसअघि सरकारले पठाएको पैसा बैंकले लाभग्राहीको खातामा जम्मा गरिदिने गरेकोमा अबदेखि गाउँपालिकाले 'इएफ्टी' मार्फत सिधैं बैंक खातामा पैसा पठाउने व्यवस्था गरेको हो ।



पालिकाले चालु आर्थिक वर्षको दोस्रो त्रैमासिकदेखि 'इएफ्टी' मार्फत भत्ता वितरण थालेको पालिकाका पञ्जिकरण शाखा प्रमुख भोजराज भट्टराईले बताए । उनले भने ''इएफ्टी' सेवा सुरु भएसँगै लाभग्राहीलाई भुक्तानी गर्नुपर्ने रकम सिधै बैंक खातामा पठाउने गरिएको छ ।' सो सेवाका लागि पालिकाले नेपाल बैंकसँग सम्झौता गरेको छ । सम्झौतासँगै नेपाल बैंकको खातामा सम्बन्धित लाभग्राहीको रकम पठाइएको भट्टराईले बताए । यस आर्थिक वर्षको दोस्रो त्रैमासिकमा गाउँपालिकाले ३ हजार १ सय ५५ लाभग्राहीलाई ३ करोड १२ लाख ६८ हजार ९२ 'इएफ्टी प्रणालीमार्फत वितरण गरिसकेको छ । यहाँ जेष्ठ नागरिक ६८ वर्षमाथिका १ हजार ९ सय २० जना, जेष्ठ नागरिक दलित १ सय ३७, जेष्ठ नागरिक एकल २ सय ९७ जना रहेका छन् ।

यसैगरी विधवा आर्थिक सहायता ४ सय २४ जना, पूर्ण अपाङ्गतातर्फ ४७, ख वर्ग आर्थिक सहायता १ सय ८ र दलित बालपोषणतर्फ २ सय २२ जना रहेको पालिकाले जनाएको छ । 'इएफ्टी' मार्फत लाभग्राहीले प्रविधिमैत्री, छिटोछरितो र सहज सेवा पाउन सक्ने छन् । गाउँपालिकाले यस अघिदेखि अशक्त, जेष्ठ नागरिक र अपाङ्गलाई मध्यनजर गर्दै सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गरेको थियो । बैंकमा आउजाउ गर्दा अशक्त, जेष्ठ नागरिक र अपाङ्गलाई सास्ती भएपछि गाउँपालिकाले वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गरेको हो । पालिकाका विभिन्न वडाबाट सदरमुकाम रहेका बैंकमा आउनुपर्दा विभिन्न किसिमका कष्ट उठाउने मात्रै नभइ लामो समय हिँडनु पर्दा सास्ती भएको गुनासो आएपछि वडाबाटै वितरण गर्ने व्यवस्था मिलाएको थियो ।

## खेलकुद समाचार

# रासिदले भारतविरुद्धको टी–२० शृंखला खेल्न नसक्ने



**काठमाडौं,** पुस २५/भारत विरुद्धको टी–२० क्रिकेट शृंखलामा अफगानिस्तानका रासिद खान सहभागी नहुने भएका छन् । भारतले अफगानिस्तानसँग तीन खेलको टी–२० शृंखला खेल्ने कार्यक्रम रहेको छ । स्वास्थ्य समस्याका कारण उनले भारतविरुद्धको शृंखला गुमाउने भएका हुन् ।

केही समयअघि उनको ढाडको शल्यक्रिया गरिएको थियो । अफगानिस्तानका कप्तान इब्राहिम जदरानले टोलीसँगै भारत भ्रमणमा आए पनि रासिद खानले स्वास्थ्य समस्याका कारण शृंखला भने नखेल्ने जानकारी दिएका छन् । 'उनी अझै पूर्णरुपमा स्वस्थ्य भइसकेका छैनन् । उनी टोलीसँगै भारत भ्रमणमा आउने छन् । तर, मैदानमा भने देखा पर्ने छैनन्,' कप्तान जदरानले भनेका छन् । गत अक्टोबर–नोभेम्बरमा भारतमा सम्पन्न आईसीसी एकदिवसीय विश्वकपछि रासिद खान मैदानमा देखा परेका छैनन् । उनले हालै सम्पन्न संयुक्त अबर इमिरेट्सविरुद्धको टी–२० शृंखला पनि गुमाएका थिए । उक्त शृंखलामा अफगानिस्तान २–१ ले विजयी भएको थियो । रासिदको अनुपस्थितिमा भारतविरुद्धको शृंखलामा स्पिन बलिङको जिम्मेवारी मजिब उर रहमान, मोहम्मद नाबी, नुर अहमद, क्वाइस अहमद र सराफुद्दिन असरफले समाल्ने छन् । संयुक्त अरब इमिरेट्स विरुद्धको शृंखलामा पनि रासिदको अनुपस्थितिमा लेगस्पिनको जिम्मेबारी क्वाइसले निर्वाह गरेका थिए । उक्त शृंखलामा क्वाइस सर्वाधिक विकेट लिने खेलाडी बनेका थिए । उनले शृंखलामा ६ विकेट हात पारेका थिए ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकको उकालो यात्रा कायमै



**पाल्पा,** पुस २५/पछिल्लो दुई दिन निरन्तर उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकले बुधबार पनि निरन्तरता पाएको छ । नेप्से परिसूचक नौ दशमलव ५० अंकले बढेर दुई हजार ८९ दशमलव ६२ को विन्दुमा कायम भएको हो ।

तीन सय एक कम्पनीको एक करोड ३४ लाख ७७ हजार नौ सय ४६ कित्ता शेयर ९२ हजार छ सय दुई पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब १३ करोड ४८ लाख ४८ हजार सात सय ८९ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह शून्य दशमलव ४४, वित्त शून्य दशमलव १०, होटल तथा पर्यटन समूह शून्य दशमलव ८४ र जलविद्युत समूह शून्य दशमलव ५० प्रतिशतले घटेको छ । त्यस्तै लगानी समूह शून्य दशमलव ६३, जीवन बीमा समूह शून्य दशमलव २५ र निर्जीवन बीमा समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ । अरु समूहको उपसूचक भने बढेको छ । बैंकिङ र उत्पादन तथा प्रशोधन समूह समान एक दशमलव १२, लघुवित्त समूह एक दशमलव ०२, म्युचुअल फन्ड समूह शून्य दशमलव ०३, व्यापार समूह शून्य दशमलव ०१ र अन्य समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ । मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमालयन रिइन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव ९५ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू ३२ करोड ७८ लाख ९१ हजार छ सय १३ बराबरको छ लाख ३४ हजार पाँच सय ९३ कित्ता शेयर कारोबार भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५–५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई